# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

**खण्ड ४६) काठमाडौं, जेठ १ गते २०५३ साल (अतिरिक्ताङ्क ७**

## भाग ३

श्री ५ को सरकार

## शिक्षा मन्त्रालयको सूचना

<u>शिक्षा (चौथो संशोधन) नियमावली, २०५३</u>

शिक्षा नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु वनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरुको नाम "शिक्षा (चौथो संशोधन) नियमावली, २०५३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२. <u>शिक्षा नियमावली, २०४९ को नियम ३ मा संशोधनः</u> शिक्षा नियमावली, २०४९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) पूर्व प्राथमिक वा प्राथमिक विद्यालय खोल्न चाहने व्यक्ति वा संस्थाले नियम ६ मा उल्लिखित शर्त बन्देज पालन गर्छु भन्ने उल्लेख गरी त्यस्तो विद्यालय खोल्ने अनुमतिको निमित्त सिफारिस गरी पाउन सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा शैक्षिक सत्र शुरु हुनभन्दा कम्तीमा ३ महिना अगाडि दरखास्त दिनुपर्नेछ । सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले पनि सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा दरखास्तवालाको माग बमोजिम सिफारिस दिन मनासिव देखिएमा तत्सम्बन्धी निर्णय सहित सो दरखास्त शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा दुई महिना अगाडि सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ ।

तर निजी क्षेत्रमा कुनै शिक्षण संस्था संचालन गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाले शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तिमा दुइ महिना अघि जिल्ला शिक्षा कार्यालयमा सोझै दरखास्त दिन सक्नेछ ।"

(२) उपनियम (२) को पहिलो हरफमा रहेका "पर्न आएका" भन्ने शब्दहरुको सट्टा "प्राप्त वा पर्न आएको" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को, –

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) निम्न माध्यमिक वा माध्यमिक विद्यालय खोल्न चाहने व्यक्ति वा संस्थाले नियम ६ मा उल्लिखित शर्त बन्देज पालना गर्छु भन्ने उल्लेख गरी त्यस्तो विद्यालय खोल्ने अनुमतिको निमित्त सिफारीस गरी पाउन सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा तीन महिना अगाडि दरखास्त दिनुपर्नेछ । सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले पनि सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा दरखास्तवालाको माग बमोजिम सिफारिस दिन मनासिव देखिएमा तत्सम्बन्धी निर्णय सहित सो दरखास्त शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा दुई महिना अगाडि सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ।

तर निजी क्षेत्रमा कुनै शिक्षण संस्था संचालन गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाले शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा दुई महिना अघि जिल्ला शिक्षा कार्यालयमा सोझै दरखास्त दिन सक्नेछ ।"

(२) उपनियम (२) कौ पहिलो हरफमा रहेको "पर्न आएका" भन्ने शब्दहरुको सट्टा "प्राप्त वा पर्न आएको" भन्ने शब्दहरु राखिएका छन ।

४. मूल नियममावलीमा नियम ४क. र ४ख. थप : मूल नियमावलीको नियम ४ पछि देहायका नियम ४क. र ४ख. थपिएका छन् :–

"४क. स्थानीय श्रोतवाट सञ्चालन गर्ने गरी विद्यालय खोल्न अनुमति दिन सक्नेः

(१) गाउँ विकास समिति वा नगरपालिकाले स्थानीय आवश्यकतालाई दृष्टिगत गरी कुनै ठाउँमा आफैले पूर्व प्राथमिक विद्यालय खोल्न चाहेमा जिल्ला शिक्षा अधिकारीले सो ठाउँमा पूर्व प्राथमिक विद्यालय खोल्न अनुमति दिनेछ ।"

(२) उपनियम (१) बमोजिम खोलिएका पूर्व प्राथमिक विद्यालयको व्यवस्थापन तथा शिक्षक कर्मचारी सम्बन्धी व्यवस्था सोही गाउँ विकास समिति वा नगरपालिकाले गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४ख. विद्यालय संचालनको जिम्मा दिन सकिने (१) गाउँ विकास समिति वा नगरपालिकाले कुनै सार्वजनिक विद्यालयको सञ्चालन आफैले गर्न चाहीं मन्त्रालय समक्ष निवेदन दिएमा मन्त्रालयले तोकिएका शर्तहरु मञ्जुर गर्ने गाउँ विकास समिति वा नगरपालिकालाई सार्वजनिक विद्यालय सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(२) उपनियम (१) वमोजिम अनुमति प्राप्त गाउं विकास समिति वा नगरपालिकाले त्यस्तो विद्यालयको मौजुदा दरवन्दीमा शिक्षक तथा कर्मचारी थप गर्न तथा आफ्नै श्रोतवाट शिक्षक तथा कर्मचारीहरुलाई थप सुविधा उपलव्ध गराउन सक्नेछन् ।"

५. मूल नियमावलीको नियम ५ मा संशोधन : मूल नियमावलीको नियम ५ को खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छ :–

"(छ१) विद्यालयले स्थायी स्वीकृति प्राप्त नगरेसम्म सो विद्यालय सञ्चालन गर्न सम्बन्धित गाउँ विकास समिति, नगरपालिका, कुनै व्यक्ति वा संस्थाले दायित्व लिए नलिएको,"

६. मूल नियमावलीको नियम ६ मा संशोधन: मूल नियमावलीको नियम ६ को खण्ड (च) पछि देहायको खण्ड (च१), (च२), (च३), (च४) र (च५) थपिएका छन्:-

(च१) श्री ५ को सरकारले तोकि दिए बमोजिम शिक्षक तथा कर्मचारीहरुको संचय कोष कट्टी गर्ने,

(च२) विद्यार्थीहरुवाट उठाइएको शुल्कहरु जुन विषय अन्तर्गत खर्च गर्न उठाइएको छ । सोही शीर्षक अन्तर्गत कम्तीमा ८० प्रतिशत खर्च गर्नु पर्ने,

(च३) छात्रावास भित्र र वाहिर स्वस्थकर वातावरण कायम गर्नु पर्ने,

(च४) विद्यालयमा खेलकूद मैदानको व्यवस्था हुनुपर्ने,

(च५) प्रत्येक विद्यालयले भर्ना भएका विद्यार्थी संख्याको कम्तिमा दुई प्रतिशत देशभरिका जेहन्दार तथा गरीव असहाय विद्यार्थीहरुमध्ये मन्त्रालयले सिफारिश गरेका विद्यार्थीलाई निःशुल्क पढाउनु पर्ने ।

७. मूल नियमावलीको नियम ९ मा संशोधन: मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छ :-

"९. विद्यालयको स्वीकृति रद्द गर्ने: कुनै पनि विद्यालयले ऐन, यो नियमावली र श्री ५ को सरकारको नीति निर्देशन विपरीत कुनै कार्य गरेमा वा विद्यालयले पालन गर्नु पर्ने शर्तहरु पूरा गर्न नसकेमा त्यस्ता विद्यालयको स्वीकृति रद्ध गर्न सकिने छ । माध्यमिक विद्यालयको हकमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा १५ प्रतिशत वा सो भन्दा कम विद्यार्थी उत्तीर्ण गराउने विद्यालयलाई पहिलो वर्षमा नसिहत दिने, लगातार दोश्रो तथा तेश्रो वर्षमा पनि तोकिएको प्रतिशत विद्यार्थी उत्तीर्ण नगराएमा क्रमशः १० र २५ प्रतिशत अनुदान रकम घटाउने र चौथो वर्षमा पनि तोकिएको प्रतिशत विद्यार्थी उत्तीर्ण नगराएमा त्यस्तो विद्यालयको माध्यमिक तहको स्वीकृति स्वतः रद्द हुनेछ ।"

८. मूल नियमावलीको नियम ११ मा संशोधन: मूल नियमावलीको नियम ११ को सट्टा देहाय बमोजिमको नियम ११ राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"११. <u>जिल्ला शिक्षा समितिको गठन</u> (१) जिल्ला शिक्षा समितिमा देहायका पदाधिकारीहरु रहनेछन्:-

| | | |
|---|---|---|
| (क) | जिल्ला विकास समितिको सभापति - | अध्यक्ष |
| (ख) | प्रमुख जिल्ला अधिकारी - | उपाध्यक्ष |
| (ग) | स्थानीय विकास अधिकारी | सदस्य |
| (घ) | जिल्लाका उच्च माध्यमिक विद्यालय वा माध्यमिक विद्यालयका प्रधानाध्यापक वा वरिष्ठ शिक्षकहरुमध्येवाट जिल्ला शिक्षा अधिकारीको सिफारिशमा क्षेत्रीय शिक्षा निर्देशकबाट मनोनीत तीन जना | सदस्य |
| (ङ) | जिल्लाका शिक्षा प्रेमी व्यक्तिहरुमध्येबाट जिल्ला शिक्षा समितिवाट मनोनीत एकजना- | सदस्य |
| (च) | गाउँ विकास समितिका अध्यक्षहरुमध्येबाट जिल्ला विकास समितिवाट मनोनीत एकजना - | सदस्य |
| (छ) | शिक्षा प्रेमी महिलाहरुमध्येबाट जिल्ला विकास समितिवाट मनोनीत एकजना - | सदस्य |
| (ज) | जिल्लाका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये बाट जिल्ला शिक्षा समितिवाट मनोनीत एकजना - | सदस्य |
| (झ) | राष्ट्रिय स्तरमा मान्यता प्राप्त शिक्षकहरुको संस्थावाट एक एक जनाको दरले प्रतिनिधित्व हुने गरी सो संस्थाहरुका प्रतिनिधिहरु बढीमा चार जना - | सदस्य |
| (ञ) | जिल्ला शिक्षा अधिकारी - | सदस्य-सचिव |

(२) उपनियम (१) बमोजिम मनोनीत सदस्यहरुको पदावधि तीनवर्षको हुनेछ र निजहरुले आफ्नो पद अनुसारको कार्य गर्न नसकेमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजहरुलाई जुनसुकै वखत हटाउन सक्नेछ ।

(३) कुनै कारणले मनोनीत सदस्यहरुको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि अर्को व्यक्तिलाई मनोनीत गरिनेछ ।

(४) जिल्ला भित्रका संसद सदस्यहरुलाई जिल्ला शिक्षा समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

(५) जिल्ला शिक्षा समितिको सचिवालयको कार्य जिल्ला शिक्षा कार्यालयले गर्नेछ ।"

९. <u>मूल नियमावलीको नियम १३ मा संशोधन :</u> मूल नियमावलीको नियम १३ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) जिल्ला शिक्षा समितिको वैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूहरुमध्येवाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।"



५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ को-

(१) उपनियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएको छन्:-

"(क) पूर्व प्राथमिक र प्राथमिक विद्यालयको-

१. विद्यालयको संस्थापक तथा स्थानीय शिक्षा प्रेमी व्यक्तिहरुमध्येवाट विद्यालय रहेको गाउँ विकास समिति वा नगरपालिकाले मनोनीत गरेको व्यक्ति - अध्यक्ष

२. विद्यालय रहेको गाँउ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको वडा सदस्य - सदस्य

३. स्थानीय शिक्षा प्रेमी व्यक्तिहरुमध्येवाट सम्वन्धित विद्यालय निरीक्षकको सिफारिशमा जिल्ला शिक्षा अधिकारीवाट मनोनीत एकजना - सदस्य

४. अभिभावकहरुमध्येवाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना- सदस्य

५. प्रधानाध्यापक - सदस्य-सचिव

(ख) निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयको-

१. विद्यालय रहेको गाउँ विकास समिति वा नगरपालिकाले सिफारिश गरी पठाएका तीन जना विद्यालयका संस्थापक तथा स्थानीय शिक्षा प्रेमी व्यक्तिहरुमध्येबाट जिल्ला शिक्षासमितिले मनोनीत गरेको व्यक्ति - अध्यक्ष

२. विद्यालय रहेको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको वडा सदस्य- सदस्य

३. स्थानीय शिक्षा प्रेमी व्यक्तिहरुमध्येबाट सम्वन्धित विद्यालय निरीक्षकको सिफारिशमा जिल्ला शिक्षा अधिकारीवाट मनोनीत गरेको एकजना - सदस्य

४. सम्वन्धित विद्यालयका शिक्षकहरुले आफूहरुमध्येवाट छानी पठाएका एकजना - सदस्य

५. सम्वन्धित गाउँ विकास समिति बा नगरपालिकावाट मनोनीत शिक्षा प्रेमी महिला एकजना - सदस्य

६. विद्यालय व्यवस्थापन समितिले अभिभावकहरुमध्येवाट मनोनीत एकजना -सदस्य

७. प्रधानाध्यापक - सदस्य-सचिव"

(२) उपनियम (२क) झिकिएको छ ।

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(३) उपनियम (१) वमोजिम गठित विद्यालय व्यवस्थापन समितिका मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र त्यस्ता मनोनित सदस्यले आफ्नो पद अनुसारको कार्य नगरेमा मनोनयन गर्ने निकाय वा पदाधिकारीले जुनसुकै बखत हटाउन सक्नेछ ।"

(४) उपनियम (६) झिकिएको छ ।

११. मूल नियमावलीको नियम १५ मा संशोधन : मूल नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (द) मा रहेका "अध्यक्ष, उपाध्यक्ष वा सदस्यहरुले" भन्ने शब्दहरुको सट्टा "अध्यक्ष वा सदस्यहरुले" भन्ने शव्दहरु राखिएका छन् ।

१२. मूल नियमवलीको नियम १७ मा संशोधनः मूल नियमावलीको नियम १७ को उपनियम (१) मा रहेका "जिल्ला शिक्षा समितिले वा विशेष कारण परेको अवस्थामा मन्त्रालयले" भन्ने शब्दहरु थपिएका छन् ।

१३. मूल नियमवलीको नियम १९ मा संशोधन : मूल नियमावलीको नियम १९ को-

(१) खण्ड (त्र) को सट्टा देहायको खण्ड (त्र) राखिएको छ :-

"(त्र) आफ्नो क्षेत्रभित्रका माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाका परीक्षार्थीहरुको नाम, थर, जन्ममिति सच्याउने,"

(२) खण्ड (त्र) पछि देहायको खण्ड (त्र१) थपिएको छ :-

"(त्र१) आफ्नो क्षेत्रभित्रका माध्यमकि शिक्षा उत्तीर्ण परीक्षाका परीक्षार्थीहरुको स्थानान्तरण प्रमाणपत्र र लब्धांङ्क पत्रको प्रतिलिपि दिने।"

१४. मूल नियमावलीको नियम २० मा संशोधनः मूल नियमावलीको नियम २० को खण्ड (त) पछि देहायको खण्ड (त१) थपिएकोछः-

"(त१) मन्त्रालयले तोकि दिए बमोजिम जिल्लामा विद्यालयहरुको समूह विभाजन गरी स्रोतकेन्द्र निर्धारण गर्ने र सो स्रोतकेन्द्रबाट विद्यालयको निरीक्षण, शिक्षकको तालीम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने गराउने।"

१५ मूल नियमावलीको नियम २५ मा संशोधनः. मूल नियमावलीको नियम २५ को उपनियम (६) पछि देहायका उपनियम (६ क) र (६ ख) थपिएका छनः-

"(६क) लिखित परीक्षाको उत्तर पुस्तिकामा गोप्यता भंग नहुने गरी कोड नम्बर राखी उपयुक्त विधि अपनाई उत्तर पुस्तिका जाँच्न लगाउने दायित्व छनौट समितिका अध्यक्षको हुनेछ ।

(६ख) लिखित परीक्षाका उत्तर पुस्तिकाहरु नतिजा प्रकाशन भएको मितिले ६ महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।"

१६. मूल नियमावलीको नियम २८ मा संशोधनः मूल नियमावलीको नियम २८ को,–

(१) उपनियम (१) मा रहेका "प्राथमिक शिक्षा उत्तीण परीक्षा, निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा तथा माध्यमिक शिक्षा उत्तीण परीक्षा (एस.एल.सी.) मा सामेल गराउन दिइने योग्यता (सेन्टअप) परीक्षा" भन्ने शब्दहरुको सट्टा "प्राथमिक तह र निम्न माध्यमिक तहको अन्त्यमा हुने परीक्षा" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएकोछः

"(१क) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सामेल गराउन लिइने योग्यता (सेन्ट अप) परीक्षा प्रत्येक विद्यालय आफैले लिनु पर्नेछ ।"

१७. मूल नियमावलीको नियम ३१ मा संशोधनः मूल नियमावलीको नियम ३१ को उपनियम (२) को खण्ड (छ १) (छ २) झिकिएकाछन् ।

१८. मूल नियमावलीको नियम ३२ मा संशोधनः मूल नियमावलीको नियम ३२ को उपनियम (१) को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :–

"(झ) परीक्षा संचालन सम्बन्धी निर्देशिका तयार गर्ने, "

१९. मूल नियमावलीको नियम ३६ मा संशोधनः मूल नियमावलीको नियम ३६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा व्यवस्थित तथा मर्यादित रुपमा सन्चालन गर्न हरेक जिल्लामा देहायका सदस्यहरु रहेको एउटा परीक्षा समन्वय समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी — अध्यक्ष

(ख) जिल्ला प्रहरी कार्यालयका प्रमुख — सदस्य

(ग) जिल्ला शिक्षा अधिकारी — सदस्य-सचिव"

२०. मूल नियमावलीमा नियम ३६क. र ३६ख. थपः मूल नियमावलीको नियम ३६ पछि देहायको नियम ३६क.र ३६ख. थपिएका छन :–

"३६क पुनः योग्यता (सेन्ट अप) परीक्षा दिनु पर्नेः माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा लगातार तीन वर्षसम्म अनुत्तीर्ण हुने विद्यार्थीले माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सामेल हुन विद्यालयवाट लिइने योग्यता (सेन्ट अप) परीक्षामा पुनः सामेल भई उत्तीर्ण हुनु पर्नेछ।"

३६ख. उत्तरपुस्तिका धुल्याउन सक्नेः परीक्षा समितिले माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परीक्षाफल प्रकाशित भएको एक वर्ष पछि उत्तरपुस्तिकाहरु आफै प्रक्रिया अपनाई धुल्याउन सक्नेछ ।

२१. मूल नियमावलीको नियम ४२ मा संशोधनः मूल नियमावलीको नियम ४२ मा रहेका "प्रथम, द्वितीय, तृतीय र चतुर्थ गरी चार श्रेणीमा" भन्ने शव्दहरुको सट्टा "प्रथम, द्वितीय र तृतीय गरी तीन श्रेणीमा" भन्ने शव्दहरु राखिएकाछन् ।

२२. मूल नियमावलीमा नियम ४२क.थपः मूल नियमावलीको नियम ४२ पछि देहायका नियम ४२क. थपिएको छ ।

"४२क स्वतः परिणत हुनेः (१) यो नियमावली प्रारम्भ हुनु अघि विभिन्न तहको विद्यालयमा चतुर्थ श्रेणीमा कायम रहेका शिक्षकहरु यो नियमावली प्रारम्भ भएपछि स्वतः तृतीय श्रेणीको शिक्षकमा परिणत हुनेछन् ।

(२) उपनियम (१) बमोजिम तृतीय श्रेणीमा परिणत भएका शिक्षकहरुको तलबमान चतुर्थ श्रेणीको शिक्षक सरह हुनेछ ।

४३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो नियम प्रारम्भ हुंदाका बखत प्राथमिक तहको तृतीय श्रेणीमा कार्यरत शिक्षकहरुको तलवमान निम्न माध्यमिक तहको तृतीय श्रेणीको शिक्षकको सरह हुनेछ ।"

२३. मूल नियमावलीको नियम ४३ मा संशोधनः मूल नियमावलीको नियम ४३ को सट्टा देहायको नियम ४३ राखिएको छ :-

"४३. विभिन्न तह र श्रेणीको पद संख्याः- विभिन्न तहका सार्वजनिक विद्यालयमा श्री ५ को सरकारबाट निकासा भएको विभिन्न तहको शिक्षक दरवन्दी संख्याको आधारमा देहाय बमोजिमका दरले विभिन्न श्रेणीको पद संख्या जिल्ला स्तरमा निर्धारण गरिनेछः-

| जम्मा पद संख्या | तृतीय श्रेणी | द्वितीय श्रेणी | प्रथम श्रेणी |
|---|---|---|---|
| १० | ९ | १ | - |
| २० | १८ | २ | - |
| ३० | २७ | ३ | - |
| ४० | ३६ | ४ | - |
| ५० | ४५ | ५ | - |
| ६० | ५४ | ६ | - |
| ७० | ६३ | ७ | - |
| ८० | ७२ | ८ | - |
| ९० | ८१ | ९ | - |
| १०० | ९० | ९ | १ |

२४. मूल नियमावलीको नियम ४४ मा संशोधनः मूल नियमावलीको नियम ४४ को सट्टा देहायको नियम ४४ राखिएको छ ।

"४४. न्यूनतम योग्यताः (१) विभिन्न विद्यालयका शिक्षकको शुरु नियुक्ति हुन प्राथमिक विद्यालयको तृतीय श्रेणीको शिक्षकको लागि माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा वा सो सरह, निम्न माध्यमिक विद्यालयको तृतीय श्रेणीको शिक्षकको लागि प्रमाणपत्र तह वा सो सरह, माध्यमिक विद्यालयको तृतीय श्रेणीको शिक्षकको लागि स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।

(२) यो नियम प्रारम्भ भए पछि स्थायी शिक्षकको लागि लिइने परीक्षामा नियम ९४ बमोजिमको तालीम प्राप्त नगरेको व्यक्ति उमेदवार हुन सक्ने छैन । तर

(१) यो नियम प्रारम्भ भएको ५ वर्षसम्म तालीम प्राप्त नगरेका महिलालाई उमेदवार हुनवाट वञ्चित गरिने छैन ।

(२) अस्थायी रुपमा शिक्षक नियुक्ति गर्दा तालीम प्राप्त नगरेका व्यक्तिलाई समेत नियुक्ति गर्न सकिनेछ ।

२५. मूल नियमावलीको नियम ४९ मा संशोधन : मूल नियमावलीको नियम ४९ को उपनियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

"(ङ) गैर नेपाली नागरिक । "

२६. मूल नियमावलीको नियम ५१ मा संशोधन : मूल नियमावलीको नियम ५१ को सट्टा देहायको नियम ५१ राखिएको छ :-

६७



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ को-

(१) उपनियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएको छन्ः-

"(क) पूर्व प्राथमिक र प्राथमिक विद्यालयको-

| | | |
|---|---|---|
| १. | विद्यालयको संस्थापक तथा स्थानीय शिक्षा प्रेमी व्यक्तिहरुमध्येवाट विद्यालय रहेको गाउँ विकास समिति वा नगरपालिकाले मनोनीत गरेको व्यक्ति - | अध्यक्ष |
| २. | विद्यालय रहेको गाँउ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको वडा सदस्य - | सदस्य |
| ३. | स्थानीय शिक्षा प्रेमी व्यक्तिहरुमध्येवाट सम्वन्धित विद्यालय निरीक्षकको सिफारिशमा जिल्ला शिक्षा अधिकारीवाट मनोनीत एकजना - | सदस्य |
| ४. | अभिभावकहरुमध्येवाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना- | सदस्य |
| ५. | प्रधानाध्यापक - | सदस्य-सचिव |

(ख) निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयको-

| | | |
|---|---|---|
| १. | विद्यालय रहेको गाउँ विकास समिति वा नगरपालिकाले सिफारिश गरी पठाएका तीन जना विद्यालयका संस्थापक तथा स्थानीय शिक्षा प्रेमी व्यक्तिहरुमध्येबाट जिल्ला शिक्षासमितिले मनोनीत गरेको व्यक्ति - | अध्यक्ष |
| २. | विद्यालय रहेको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको वडा सदस्य- | सदस्य |
| ३. | स्थानीय शिक्षा प्रेमी व्यक्तिहरुमध्येबाट सम्वन्धित विद्यालय निरीक्षकको सिफारिशमा जिल्ला शिक्षा अधिकारीवाट मनोनीत गरेको एकजना - | सदस्य |
| ४. | सम्वन्धित विद्यालयका शिक्षकहरुले आफूहरुमध्येवाट छानी पठाएका एकजना - | सदस्य |
| ५. | सम्वन्धित गाउँ विकास समिति बा नगरपालिकावाट मनोनीत शिक्षा प्रेमी महिला एकजना - | सदस्य |
| ६. | विद्यालय व्यवस्थापन समितिले अभिभावकहरुमध्येवाट मनोनीत एकजना | -सदस्य |
| ७. | प्रधानाध्यापक - | सदस्य-सचिव" |

(२) उपनियम (२क) झिकिएको छ ।

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

६१



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(३) उपनियम (१) वमोजिम गठित विद्यालय व्यवस्थापन समितिका मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र त्यस्ता मनोनित सदस्यले आफ्नो पद अनुसारको कार्य नगरेमा मनोनयन गर्ने निकाय वा पदाधिकारीले जुनसुकै बखत हटाउन सक्नेछ ।"

(४) उपनियम (६) झिकिएको छ ।

११. मूल नियमावलीको नियम १५ मा संशोधन : मूल नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (द) मा रहेका "अध्यक्ष, उपाध्यक्ष वा सदस्यहरुले" भन्ने शब्दहरुको सट्टा "अध्यक्ष वा सदस्यहरुले" भन्ने शव्दहरु राखिएका छन् ।

१२. मूल नियमावलीको नियम १७ मा संशोधन: मूल नियमावलीको नियम १७ को उपनियम (१) मा रहेका "जिल्ला शिक्षा समितिले वा विशेष कारण परेको अवस्थामा मन्त्रालयले" भन्ने शव्दहरु थपिएका छन् ।

१३. मूल नियमावलीको नियम १९ मा संशोधन : मूल नियमावलीको नियम १९ को-

(१) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :-

"(ञ) आफ्नो क्षेत्रभित्रका माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाका परीक्षार्थीहरुको नाम, थर, जन्ममिति सच्याउने,"

(२) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छ :-

"(ञ१) आफ्नो क्षेत्रभित्रका माध्यमकि शिक्षा उत्तीर्ण परीक्षाका परीक्षार्थीहरुको स्थानान्तरण प्रमाणपत्र र लब्धांङ्क पत्रको प्रतिलिपि दिने।"

१४. मूल नियमावलीको नियम २० मा संशोधन: मूल नियमावलीको नियम २० को खण्ड (त) पछि देहायको खण्ड (त१) थपिएकोछः-

"(त१) मन्त्रालयले तोकि दिए बमोजिम जिल्लामा विद्यालयहरुको समूह विभाजन गरी स्रोतकेन्द्र निर्धारण गर्ने र सो स्रोतकेन्द्रबाट विद्यालयको निरीक्षण, शिक्षकको तालीम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने गराउने।"

१५ मूल नियमावलीको नियम २५ मा संशोधन:. मूल नियमावलीको नियम २५ को उपनियम (६) पछि देहायका उपनियम (६ क) र (६ ख) थपिएका छन्:-

"(६क) लिखित परीक्षाको उत्तर पुस्तिकमा गोप्यता भंग नहुने गरी कोड नम्बर राखी उपयुक्त विधि अपनाई उत्तर पुस्तिका जाँच्न लगाउने दायित्व छनौट समितिका अध्यक्षको हुनेछ ।

(६ख) लिखित परीक्षाका उत्तर पुस्तिकाहरु नतिजा प्रकाशन भएको मितिले ६ महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।"

१६. मूल नियमावलीको नियम २८ मा संशोधन: मूल नियमावलीको नियम २८ को,–

(१) उपनियम (१) मा रहेका "प्राथमिक शिक्षा उत्तीर्ण परीक्षा, निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा तथा माध्यमिक शिक्षा उत्तीण परीक्षा (एस.एल.सी.) मा सामेल गराउन दिइने योग्यता (सेन्टअप परीक्षा" भन्ने शब्दहरुको सट्टा "प्राथमिक तह र निम्न माध्यमिक तहको अन्त्यमा हुने परीक्षा" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएकोछः

"(१क) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सामेल गराउन लिइने योग्यता (सेन्ट अप) परीक्षा प्रत्येक विद्यालय आफैले लिनु पर्नेछ ।"

१७. मूल नियमावलीको नियम ३१ मा संशोधनः मूल नियमावलीको नियम ३१ को उपनियम (२) को खण्ड (छ १) (छ २) झिकिएकाछन् ।

१८. मूल नियमावलीको नियम ३२ मा संशोधनः मूल नियमावलीको नियम ३२ को उपनियम (१) को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :–

"(झ) परीक्षा संचालन सम्बन्धी निर्देशिका तयार गर्ने, "

१९. मूल नियमावलीको नियम ३६ मा संशोधनः मूल नियमावलीको नियम ३६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा व्यवस्थित तथा मर्यादित रुपमा सञ्चालन गर्न हरेक जिल्लामा देहायका सदस्यहरु रहेको एउटा परीक्षा समन्वय समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| (ख) | जिल्ला प्रहरी कार्यालयका प्रमुख | सदस्य |
| (ग) | जिल्ला शिक्षा अधिकारी | सदस्य-सचिव" |

२०. मूल नियमावलीमा नियम ३६क. र ३६ख. थपः मूल नियमावलीको नियम ३६ पछि देहायको नियम ३६क.र ३६ख. थपिएका छन् :–

**"३६क पुनः योग्यता (सेन्ट अप) परीक्षा दिनु पर्नेः माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा लगातार तीन वर्षसम्म अनुत्तीर्ण हुने विद्यार्थीले माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सामेल हुन विद्यालयवाट लिइने योग्यता (सेन्ट अप) परीक्षामा पुनः सामेल भई उत्तीर्ण हुनु पर्नेछ।"**

**३६ख. उत्तरपुस्तिका धुल्याउन सक्नेः परीक्षा समितिले माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परीक्षाफल प्रकाशित भएको एक वर्ष पछि उत्तरपुस्तिकाहरु आफै प्रक्रिया अपनाई धुल्याउन सक्नेछ ।**

२१. मूल नियमावलीको नियम ४२ मा संशोधनः मूल नियमावलीको नियम ४२ मा रहेका "प्रथम, द्वितीय, तृतीय र चतुर्थ गरी चार श्रेणीमा" भन्ने शव्दहरुको सट्टा "प्रथम, द्वितीय र तृतीय गरी तीन श्रेणीमा" भन्ने शव्दहरु राखिएकाछन् ।

२२. मूल नियमावलीमा नियम ४२क.थपः मूल नियमावलीको नियम ४२ पछि देहायका नियम ४२क. थपिएको छ ।

"४२क स्वतः परिणत हुनेः (१) यो नियमावली प्रारम्भ हुनु अघि विभिन्न तहको विद्यालयमा चतुर्थ श्रेणीमा कायम रहेका शिक्षकहरु यो नियमावली प्रारम्भ भएपछि स्वतः तृतीय श्रेणीको शिक्षकमा परिणत हुनेछन् ।

(२) उपनियम (१) बमोजिम तृतीय श्रेणीमा परिणत भएका शिक्षकहरुको तलबमान चतुर्थ श्रेणीको शिक्षक सरह हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो नियम प्रारम्भ हुंदाका बखत प्राथमिक तहको तृतीय श्रेणीमा कार्यरत शिक्षकहरुको तलवमान निम्न माध्यमिक तहको तृतीय श्रेणीको शिक्षकको सरह हुनेछ ।"

२३. मूल नियमावलीको नियम ४३ मा संशोधनः मूल नियमावलीको नियम ४३ को सट्टा देहायको नियम ४३ राखिएको छ :-

"४३. विभिन्न तह र श्रेणीको पद संख्याः- विभिन्न तहका सार्वजनिक विद्यालयमा श्री ५ को सरकारबाट निकासा भएको विभिन्न तहको शिक्षक दरवन्दी सख्याको आधारमा देहाय बमोजिमका दरले विभिन्न श्रेणीको पद संख्या जिल्ला स्तरमा निर्धारण गरिनेछः-

| जम्मा पद संख्या | तृतीय श्रेणी | द्वितीय श्रेणी | प्रथम श्रेणी |
|---|---|---|---|
| १० | ९ | १ | - |
| २० | १८ | २ | - |
| ३० | २७ | ३ | - |
| ४० | ३६ | ४ | - |
| ५० | ४५ | ५ | - |
| ६० | ५४ | ६ | - |
| ७० | ६३ | ७ | - |
| ८० | ७२ | ८ | - |
| ९० | ८१ | ९ | - |
| १०० | ९० | ९ | १ |

२४. मूल नियमावलीको नियम ४४ मा संशोधनः मूल नियमावलीको नियम ४४ को सट्टा देहायको नियम ४४ राखिएको छ ।

"४४. न्यूनतम योग्यताः (१) विभिन्न विद्यालयका शिक्षकको शुरु नियुक्ति हुन प्राथमिक विद्यालयको तृतीय श्रेणीको शिक्षकको लागि माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा वा सो सरह, निम्न माध्यमिक विद्यालयको तृतीय श्रेणीको शिक्षकको लागि प्रमाणपत्र तह वा सो सरह, माध्यमिक विद्यालयको तृतीय श्रेणीको शिक्षकको लागि स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।

(२) यो नियम प्रारम्भ भए पछि स्थायी शिक्षकको लागि लिइने परीक्षामा नियम ९४ बमोजिमको तालीम प्राप्त नगरेको व्यक्ति उमेदवार हुन सक्ने छैन । तर

(१) यो नियम प्रारम्भ भएको ५ वर्षसम्म तालीम प्राप्त नगरेका महिलालाई उमेदवार हुनवाट वञ्चित गरिने छैन ।

(२) अस्थायी रुपमा शिक्षक नियुक्ति गर्दा तालीम प्राप्त नगरेका व्यक्तिलाई समेत नियुक्ति गर्न सकिनेछ ।

२५. मूल नियमावलीको नियम ४९ मा संशोधन : मूल नियमावलीको नियम ४९ को उपनियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

"(ङ) गैर नेपाली नागरिक । "

२६. मूल नियमावलीको नियम ५१ मा संशोधन : मूल नियमावलीको नियम ५१ को सट्टा देहायको नियम ५१ राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"५१ बढुवाको लागि पद निर्धारण र मूल्यांकन गर्ने आधारः (१) प्राथमिक तहको द्वितीय श्रेणी, निम्न माध्यमिक तहको द्वितीय श्रेणी र माध्यमिक तहको द्वितीय श्रेणीको रिक्त पदहरुमध्ये २५ प्रतिशत आन्तरिक प्रतियोगिता र ७५ प्रतिशत कार्य क्षमताको आधारमा बढुवाद्वारा पूर्ति गरिनेछ ।

(२) उपनियम (१) बमोजिम कार्य क्षमताको आधारमा बढुवा गर्दा देहाय बमोजिम मूल्यांकन गरी सबै भन्दा बढी अंक प्राप्त गर्ने शिक्षकलाई सबैभन्दा पहिले बढुवा गरिनेछ । समान अंक प्राप्त गर्ने शिक्षकको हकमा नोकरीको जेष्ठताको आधारमा बढुवा गरिनेछ ।

| | |
|---|---|
| जेष्ठता वापत | - ३० अंक |
| शैक्षिक योग्यता वापत | - २० अंक |
| तालीम वापत | - १० अंक |
| कार्य क्षमता वापत | - ४० अंक |

(क) नोकरीको जेष्ठताको अंक गणना गर्दा देहाय अनुसार अंक दिइनेछः-

(अ) हाल वहाल रहेको श्रेणीको पदमा काम गरेको प्रत्येक शैक्षिक सत्रका लागि अंक २ का दरले बढीमा ३० अंक प्रदान गरिनेछ ।
तर

(१) जेष्ठता वापतको अंक गणना गर्दा एक शैक्षिक सत्र भन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीको हिसावले अंक दिइनेछ ।

(२) यस खण्डको प्रयोजनको लागि गयल भएको वा असाधारण विदामा वसेको अवधिको अंक दिइने छैन।

(आ) यस परिच्छेदको प्रयोजनको लागि स्थायी सेवा वीचमा टुटेको भए त्यस्तो टुटेको अवधि कट्टा गरी वांकी काम गरेको अवधि समेत गणना गरिनेछ । साथै अटूट रुपमा अस्थायी शिक्षक भई काम गरेको भए सो अवधिको ५० प्रतिशत समेत गणना गरिनेछ ।

तर यस खण्डको प्रयोजनको लागि तलब नपाउने गरी विद्यालयमा अनुपस्थित रहेको अवधिलाई काम गरेको अवधि मानिने छैन ।

(ख) शैक्षिक योग्यताः सेवा प्रवेशको लागि न्यूनतम शैक्षिक योग्यताको प्रथम श्रेणीमा उत्तीर्ण भएकोलाई १५ अंक, द्वितीय श्रेणीकोलाई १२ अंक र तृतीय श्रेणीकोलाई १० अंक दिइनेछ । न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको कुनै एक शैक्षिक उपाधि भए सो एक उपाधिलाई मात्र प्रथम श्रेणीमा उत्तीर्ण भएको भए ५ अंक, द्वितीय श्रेणीको भए ३ अंक र ततीय श्रेणीको भए २ अंक दिइनेछ ।

(ग) तालीमः तालीम वापत देहायको दरले अंक दिइनेछः-

(अ) न्यूनतम शिक्षक योग्यता पूरा गरी सम्बन्धित तह वा सो भन्दा माथिल्लो स्तरको शिक्षा शिक्षणसंग सम्बन्धित १० महिना वा सो भन्दा बढी अवधिको तालीम प्राप्त गरेका वा प्राथमिक शिक्षकको हकमा ४०० पूर्णांकको शिक्षा विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण गरेकालाई तालीम वापत प्रथम श्रेणीको भए १० अंक, द्वितीय श्रेणीको भए ८ अंक र तृतीय श्रेणीको भए ६ अंक दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(आ) न्यूनतम शैक्षिक योग्यता पूरा गरी सम्वन्धित तह वा सो भन्दा माथिल्लो स्तरको शिक्षा शिक्षणसंग सम्बन्धित ५ महिना वा सो भन्दा वढी अवधिको तालीम प्राप्त गरेकालाई प्रथम श्रेणीको भए ५ अंक, द्वितीय श्रेणीको भए ३ अंक र तृतीय श्रेणीको भए २ अंक दिईनेछ।

(इ) न्यूनतम शैक्षिक योग्यता पूरा गरी सम्वन्धित तह वा सो भन्दा माथिल्लो स्तरको शिक्षा शिक्षणसंग सम्बन्धित अढाई महिना वा सो भन्दा बढी अवधिको तालीम प्राप्त गरेकालाई प्रथम श्रेणीको भए २.५ अंक, द्वितीय श्रेणीको भए २ अंक र तृतीय श्रेणीको भए १.५ अंक दिइनेछ । अढाइ महिनाभन्दा कम अवधिको तालीम लिएकाहरुलाई कुनै अंक दिइनेछैन ।

तर श्रेणी नखुलेको प्रमाणपत्रलाई द्वितीय श्रेणी वरावरको अंक दिइनेछ ।

स्पष्टीकरणः शिक्षा विषय लिई प्रमाणपत्र तह, स्नातक तह वा स्नातकोत्तर तह उत्तीर्ण गरेकाहरुलाई न्यूनतम योग्यता र तालीम वापतको अंक समेत दिइनेछ ।

(घ) कार्य क्षमताः कार्य क्षमता वापत अनुसूचि ५ बमोजिमको कार्य क्षमता मूल्यांकन फारममा प्राथमिक तहको शिक्षकको हकमा सुपरीवेक्षकको रुपमा विद्यालय निरीक्षकले र पुनरावलोकन कर्ताको रुपमा जिल्ला शिक्षा अधिकारीले मूल्यांकन गर्नेछ । निम्नमाध्यमिक तथा माध्यमिक तहको शिक्षकको हकमा जिल्ला शिक्षा अधिकारीले सुपरिवेक्षकको रुपमा र क्षेत्रीय शिक्षा निर्देशकले पुनरावलोकन कर्ताको रुपमा मूल्यांकन गर्नेछन् । यो नियमावली लागू भएपछि बढुवा प्रयोजनको लागि पहिलो वर्ष एक अवधिको, दोश्रो वर्ष दुइ अवधिको र त्यस पछि अन्तिम तीन वर्षको कार्य क्षमता वापतको फारमको औसत अंक गणना गरिनेछ ।

२६. मूल नियमावलीको नियम ५४ मा संशोधनः मूल नियमावलीको नियम ५४ को,-

(१) उपनियम (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएकोछ :–

"(ङ) किरिया विदा पन्ध्र दिंन दिइनेछ । महिला शिक्षक तथा कर्मचारीको पतिले किरिया वस्नु परेमा त्यस्तो महिला शिक्षक तथा कर्मचारीलाई पनि किरिया विदा दिइनेछ।"

(२) उपनियम (९) को सट्टा देहायको उपनियम (९) राखिएको छ :-

"(९) लिखित सूचना विना तीस दिनसम्म विद्यालयबाट अनुपस्थित रहेमा त्यस्तो शिक्षक वा कर्मचारीलाई नोकरीबाट हटाउन सकिनेछ र लगातार नव्वे दिनसम्म विना सूचना अनुपस्थित रहेमा निजको पदाधिकार स्वतः समाप्त भएको मानिनेछ ।"

२७. मूल नियमावलीको नियम ५९ मा संशोधनः मूल नियमावलीको नियम ५९ को उपनियम (३) को प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ ।

२८. मूल नियमावलीको नियम ६० मा संशोधन : मूल नियमावलीको नियम ६० को सट्टा देहायको नियम ६० राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"६०. <u>शिक्षकको सरुवाः</u> (१) सावजनिक विद्यालयका शिक्षकलाई सामान्यतया सरुवा गरिनेछैन ।

(२) सरुवा हुन चाहने शिक्षकले अनुसूची ७(क) बमोजिमको फारम भरी जिल्ला शिक्षा कार्यालयमा निवेदन गर्नुपर्नेछ । त्यस्तो निवेदन प्राप्त भएपछि जिल्ला शिक्षा अधिकारीले दरवन्दी रिक्त भए नभएको र विषय मिल्ने नमिल्ने जांचवुभ गरी सरुवा गर्न सक्नेछ ।

तर प्रत्येक वर्ष रिक्त पदमा पचीस प्रतिशत भन्दा बढी सरुवाद्वारा पूर्ति गरिने छैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष कारण वस कुनै शिक्षकलाई सरुवा नगरी नहुने स्थिति परेमा सोको कारण जनाई जिल्ला शिक्षा अधिकारीले आफनो जिल्ला भित्र, क्षेत्रीय शिक्षा निर्देशकले आफनो क्षेत्र भित्र तथा मन्त्रालयले अधिराज्य भित्र सरुवा गर्न सक्नेछ ।

तर यसरी सरुवा गर्दा जिल्ला शिक्षा अधिकारीले क्षेत्रीय शिक्षा निर्देशकको र क्षेत्रीय शिक्षा निर्देशकले मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।"

२९. <u>मूल नियमावलीको नियम ६१ मा संशोधन</u> : मूल नियमावलीको नियम ६१ को उप नियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) सार्वजनिक विद्यालयमा रिक्त शिक्षक पदमा स्थायी पूर्ति नभए सम्मको लागि विद्यालय व्यवस्थापन समितिले वढिमा ६ महिनाको लागि सम्वन्धित जिल्ला शिक्षा अधिकारीको स्वीकृति लिई विषयगत अस्थायी शिक्षक नियुक्ति गर्न सक्ने छ ।

तर यसरी अस्थायी नियुक्ति गर्दा विद्यालय व्यवस्थापन समितिले सम्वन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा प्रधानाध्यापक र स्थानीय वुद्धिजीवि समेत रहने गरी ३ सदस्यीय समितिको गठन गर्नेछ र सो समितिले विज्ञापन गरी नियुक्तिको लागि सिफारिश गरेका व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिले अस्थायी शिक्षकमा नियुक्ति गर्नेछ ।"

३०. <u>मूल नियमावलीको नियम ६७ मा संशोधन</u> : मूल नियमावलीको नियम ६७ को सट्टा देहायको नियम ६७ राखिएको छ :-

"६७. <u>नोकरीमा पुनःवहालीः</u> (१) विभागीय सजाय भई नोकरीवाट वरखास्त वा हटाइएका शिक्षक वा कर्मचारी अदालतको आदेश वा यस नियमावली बमोजिम मात्र नोकरीमा पुनःवहाली हुन सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम पुनः वहाली भएको शिक्षक वा कर्मचारीले नोकरीवाट हटे देखि पुनः वहाली भएको मिति सम्मको पूरा तलव, भत्ता र तलब बृद्धि पाउने भए सो समेत निजले पाउँनेछ ।"

३१. <u>मूल नियमावलीको नियम ७० मा संशोधन</u> : मूल नियमावलीको नियम ७० को-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) सरकारी शिक्षक पदमा स्थायी नियुक्ति भई वीचमा नोकरी अवधि टुटन गई विद्यालय शिक्षा सेवामा प्रवेश गरेको शिक्षकका हकमा त्यस्तो सरकारी शिक्षक पदमा रही नोकरी गरेको अवधि गणना गरिनेछ ।

(२) खण्ड (च) भिकिएको छ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२. मूल नियमावलीको नियम ७३ख. मा संशोधन : मूल नियमावलीको नियम ७३ ख को, -

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) सार्वजनिक विद्यालयको स्वीकृत दरवन्दीमा कार्यरत देहायका शिक्षकहरुलाई सेवा अवधिभरमा निजको शुरु तलब स्केलको हिसावले हुने गरी देहाय वमोजिम उपचार खर्च दिइनेछ :-

(क) माध्यमिक विद्यालयका शिक्षकलाई बाह्र महिना बरावरको तलव रकम ।

(ख) निम्नमाध्यमिक विद्यालयका शिक्षकलाई अठार महिना वरावरको तलव रकम ।

(ग) प्राथमिक विद्यालयका शिक्षकलाई एक्काइस महिना वरावरको तलव रकम।"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि माध्यमिक तहको शिक्षक सरह शुरु तलव स्केल भएको निम्न माध्यमिक तहको शिक्षकले माध्यमिक शिक्षक सरह र निम्न माध्यमिक तहको शिक्षक सरह शुरु तलब स्केल भएको प्राथमिक तहको शिक्षकले निम्न माध्यमिक शिक्षक सरह उपचार खर्च पाउनेछ ।"

३३. मूल नियमावलीको नियम ८५ मा संशोधन: मूल नियमावलीको नियम ८५ को उपनियम (२) को खण्ड (ठ १) र (ठ २) झिकिएका छन् ।

३४. मूल नियमावलीको नियम ९६ मा संशोधन : मूल नियमावलीको नियम ९६ को उपनियम (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :–

"(च) प्रमुख, शैक्षिक जनशक्ति विकास केन्द्र – सदस्य -सचिव"

३५. मूल नियमावलीको नियम १०१ मा संशोधन : मूल नियमावलीको नियम १०१ को उपनियम (२) मा रहेका "विद्यालय व्यवस्थापन समितिको राय लिई" भन्ने शब्दहरुको सट्टा "जिल्ला शिक्षा कार्यालयको पूर्व स्वीकृति लिई" भन्ने शव्दहरु राखिएका छन् ।

३६. मूल नियमावलीको नियम ११६ मा संशोधन: मूल नियमावलीको नियम ११६ को उपनियम (१) को,-

(१) खण्ड( घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) विश्वविद्यालयका उपकुलपतिहरु मध्येवाट मन्त्रालयद्वारा मनोनित एक जना - सदस्य"

(२) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छ :-

"(ज१) सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय - सदस्य"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) खण्ड (ढ) मा रहेको "दुई जना" भन्ने शब्दहरुको सट्टा "एक जना" भन्ने शब्दहरु राखिएका छन् ।

(४) खण्ड (ट१) र (ट२) झिकिएका छन् ।

३७. मूल नियमावलीको नियम ११७ मा संशोधन : मूल नियमावलीको नियम ११७ को उपनियम (१) को खण्ड (ज१) र (ज२) झिकिएका छन् ।

३८. मूल नियमावलीको नियम ११९ मा संशोधन : मूल नियमावलीको नियम ११९ को–

(१) उपनियम (२) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः-

"तर दैवी घटना वा आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा सुख्खा जर्ता भई वा खिइएर कुनै हानी नोक्सानी हुन गएको प्रमाणित हुन आएको सम्पत्ति विद्यालय व्यवस्थापन समितिको सिफारिशमा पाँच हजार रुपैयासम्म भए सम्वन्धित जिल्ला शिक्षा अधिकारीले, पन्ध्र हजार रुपैयासम्म भए सम्वन्धित क्षेत्रीय शिक्षा निर्देशकले र पच्चीस हजार रुपैयासम्म भए मन्त्रालयको सचिवले मिनाहा दिन सक्नेछ । सो भन्दा बढी रकमको मिनाहा दिनु परेमा अर्थ मन्त्रालयको सहमति लिई मन्त्रालयले मिनाहा दिन सक्नेछ ।"

(२) उपनियम (६) को खण्ड (च) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएकोछ :-

"तर विद्यालय व्यवस्थापन समितिले जिल्ला शिक्षा कार्यालय तथा उपनियम (३) बमोजिमको जग्गा व्यवस्था समितिको सिफारिशमा विद्यालयको विकास गर्न मन्त्रालयको स्वीकृति लिई सार्वजनिक सूचना प्रकाशन गरी बढाबढद्वारा जग्गा बेचबिखन गर्न सक्नेछ ।"

(३) उपनियम (६) को खण्ड (च) पछि देहायका खण्ड ((च१) र (च२) थपिएका छन् :-

"(च१) खण्ड (च) बमोजिम बढाबढद्वारा जग्गा बेचबिखन गर्दा विद्यालय व्यवस्थापन समितिले सम्बन्धित जिल्ला शिक्षा कार्यालयको अधिकृत प्रतिनिधि र गाउँ विकास समिति वा नगरपालिकाको प्रतिनिधि अनिवार्य रुपमा राख्नुपर्नेछ ।

(च२) बढाबढद्वारा बेचबिखन गरिने जग्गाको चलन पूर्जी दिइसकेपछि हक हस्तान्तरण गराउने काम सम्वन्धित विद्यालयका प्रधानाध्यापकको हुनेछ ।"

३९. मूल नियमावलीको नियम १३० मा संशोधनः मूल नियमावलीको नियम १३० को उपनियम (९) को शुरुमा "प्राथमिक विद्यालय वा निम्न माध्यमिक विद्यालयले" भन्ने शब्दहरु थपिएका छन् ।

४०. मूल नियमावलीको नियम १३३ मा संशोधनः मूल नियमावलीको नियम १३३ को,-

(१) उपनियम (१) को सट्टा देहाय वमोजिमको उपनियम (१) राखिएको छ :-

"(१) विशेष शिक्षा सम्वन्धी नीति निर्धारण, समन्वय, निर्देशन तथा कार्यान्वयनको व्यवस्था गर्न श्री ५ को सरकारले देहाय वमोजिमका पदाधिकारी रहने गरी विशेष शिक्षा परिषदको गठन गर्न सक्ने छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) मन्त्री, शिक्षा मन्त्रालय - अध्यक्ष

(ख) सभापति, जनसंख्या तथा सामाजिक समिति प्रतिनिधि सभा- सदस्य

(ग) सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) सदस्य

(घ) सचिव, शिक्षा मन्त्रालय सदस्य

(ङ) प्रतिनिधि, राष्ट्रिय अपाङ्ग महासंघ सदस्य

(च) प्रतिनिधि, महिला तथा समाज कल्याण मन्त्रालय सदस्य

(छ) प्रमुख, नाक, कान, घांटी विभाग, त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल सदस्य

(ज) प्रतिनिधि, स्वास्थ्य मन्त्रालय सदस्य

(झ) प्रतिनिधि , अर्थ मन्त्रालय सदस्य

(ञ) शिक्षा मन्त्रालयबाट मनोनित सम्वन्धित विषयका ४ जना विशेषज्ञ सदस्य

(ट) सह - सचिव, शिक्षा मन्त्रालय सदस्य-सचिव"

४१. मूल नियमावलीको नियम १३४ मा संशोधन : मूल नियमावलीको नियम १३४ को उप नियम १ को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छ :-

"(च) श्री ५ को सरकारबाट प्राप्त अनुदान सार्वजनिक विद्यालयहरुलाई वितरण गर्ने ।"

४२. मूल नियमावलीमा नियम १४४ क.थप: मूल नियमावलीको नियम १४४ पछि देहायको नियम १४४ क. थपिएको छः–

"१४४क. व्यक्तिगत विवरण फाराम पठाउनु पर्ने :– निजी विद्यालयहरुले आफ्ना शिक्षकहरुको व्यक्तिगत विवरण फाराम भरी सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ ।"

४३. मूल नियमावलीको अनुसूचीमा संशोधन : मूल नियमावलीको अनुसूचीको, -

(१) अनुसूची -१ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) प्राथमिक विद्यालय १-३ कक्षाको लागि - न्यूनतम २ अधिकतम ३ शिक्षक

प्राथमिक विद्यालय १-५ कक्षाको लागि-न्यूनतम ३ अधिकतम ५ शिक्षक"

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अनुसूची –२ को, –

(१) खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन् :-

"(क) १-३ कक्षा संचालन भएको प्राथमिक विद्यालयमा न्यूनतम २ अधिकतम ३ प्राथमिक स्तरको शिक्षक दरवन्दी कायम गर्ने,

(ख) १-५ कक्षा संचालन भएको प्राथमिक विद्यालयमा न्यूनतम ३ अधिकतम ५ शिक्षक दरवन्दी कायम गर्ने"

(२) खण्ड (ग) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएको छ :–

"(२) विज्ञान/गणित– आई.एड (विज्ञान/गणित) वा आई.एस्सी. विज्ञान/ गणित) वा सो सरह र तालीम प्राप्त"

(३) खण्ड (घ) को उपखण्ड (ग) र (च) को सट्टा देहायको उपखण्ड (ग) र (च) राखिएका छन् :–

"(ग) विज्ञान/गणित)– वी.एड. (विज्ञान/गणित) वा वी.एस्सी. (विज्ञान/गणित) वा सो सरह र तालीम प्राप्त"

"(च) विज्ञान/गणित)– आई.एड. वा आई.एस्सी वा सो सरह र तालीम प्राप्त"

69



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

(३). अनुसूची - ५ को सट्टा देहायको अनुसूची - ५ राखिएको छ :-

"अनुसूची - ५

(नियम ५१ को उप नियम २ (घ) संग सम्वन्धित)

फाराम भर्ने निर्देशिका :

१. यो फाराम वर्षको एक पटक मात्र भर्नु पर्ने छ ।

२. यो फाराम प्रत्येक शैक्षिक सत्र शुरु भएको १५ दिन भित्रमा प्रत्येक शिक्षकले आफूले भर्नुपर्ने विवरण भरी आफनो विद्यालयको प्रधानाध्यापकलाई वुझाउनु पर्नेछ । नवुझाएमा वढुवाको सम्भाव्य सूचीवाट नाम हटाइने छ ।

३. प्रधानाध्यापकले आफूकहां फाराम प्राप्त भएको मितिले १५ दिन भित्र आफनो राय प्रतिकृया समेत लेखी सम्वन्धित जिल्ला शिक्षा कार्यालयमा वुझाउनु पर्नेछ ।

४. जिल्ला शिक्षा कार्यालयले प्राथमिक शिक्षकको हकमा सुपरीवेक्षण तथा पुनरावलोकनको काम २ महिना भित्र समाप्त गरी वढुवा समितिमा वुझाउनु पर्ने छ । निम्न माध्यमिक तथा माध्यमिक शिक्षकको हकमा २ महिना भित्र सुपरीवेक्षणको कार्य समाप्त गरी क्षेत्रीय शिक्षा निर्देशक समक्ष पेश गर्नु पर्ने छ । क्षेत्रीय शिक्षा निर्देशकले आफूकहां फाराम प्राप्त भएको १ महिना भित्र पुनरावलोकनको कार्य समाप्त गरी क्षेत्रीय शिक्षक वढुवा समितिमा वुझाउनु पर्ने छ ।

५. शैक्षिक सत्र ०५१।५२ को हकमा शिक्षकहरुले ०५३ जेष्ठ मसान्त भित्रमा सम्वन्धित प्रधानाध्यापक समक्ष कार्य दक्षता मूल्याङ्कन फाराम भरी वुझाइ सक्नु पर्नेछ । प्रधानाध्यापक, जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशकले आफूकहां प्राप्त भएको मितिले खण्ड २, ३ ,४ बमोजिमको समय भित्र कार्य सम्पादन गरी सक्नु पर्ने छ ।

मुद्रण विभाग

८२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शिक्षकको व्यक्तिगत विवरण तथा कार्य सम्पादन मूल्याङ्कन फाराम

विवरण पेश गर्ने विद्यालयको नाम :

दर्ता नं. मिति :

१. व्यक्तिगत विवरण : मूल्याङ्कन अवधि देखि सम्म
शिक्षकको नाम, थर :
स्थायी ठेगाना :
पद : तह: श्रेणी:

विद्यालयको नाम :
ठेगाना न.पा./ गा.वि.स.......... वडा नं...... स्थान.... जिल्ला

नियुक्ति मिति (प्रतिलिपि संलग्न गर्नु पर्ने):- अस्थायी : स्थायी :
शैक्षिक योग्यता (प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्ने):-

| उत्तीर्ण गरेको परीक्षा | संस्थाको नाम | साल | श्रेणी |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

तालीम (प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्ने):

| तालीमको नाम | प्रमाणपत्र दिने संस्थाको नाम | अवधि | श्रेणी |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

२. कार्य विवरण :

आफूले गरेको उल्लेखनीय कामको विवरण शिक्षकले भर्ने :
(यस मापदण्ड सम्बन्धी विशेष कार्य, अतिरिक्त क्रियाकलाप, विद्यालयको भौतिक एवं आर्थिक सुधार, शिक्षकको स्व वृद्धि जस्ता कार्यहरु भए सोको विवरण दिने।)

१
२
३
४

63

शिक्षकको हस्ताक्षर
मिति :



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ प्रधानाध्यापकले भर्नु पर्ने :

माथि उल्लेखित शिक्षकको व्यक्तिगत विवरण ठीक छ भनी प्रमाणित गरिन्छ ।

१ निजले यस शैक्षिक सत्रमा गरेका उल्लेखनिय कार्यहरु :

१
२
३
४

२ निजको विद्यालयमा उपस्थितिको नियमितता , अध्यापनको स्तर, विद्यालयको कार्यक्रमहरुमा सहभागिता र अनुशासन जस्ता विषयमा प्रधानाध्यापकको राय :

.....................................................................................................................................

प्रधानाध्यापकको दस्तखत:
नाम:
मिति :

४ कार्य दक्षता मूल्याङ्कन :

यसमा शिक्षकमा हुनु पर्ने १० वटा गुणहरु दिइएको छ । प्रत्यक गुणको स्तर अनुसार देहाय वमोजिम अंङ्क दिन सकिने छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| १ | अत्यूत्तम | २.५ अङ्क | २ | उत्तम | २ अङ्क |
| ३ | सन्तोषजनक | १.५ अङ्क | ४ | सामान्य | १ अङ्क |

पुनरावलोकनकर्त्ताले दिने अङ्क :

| | | | | | |
|---|---|---|---|---|---|
| १ | अत्यूत्तम | १.५ अङ्क | २. | उत्तम | १ अङ्क |
| ३ | सन्तोषजनक | ०.७५ अङ्क | ४. | सामान्य | ०.५० अङ्क |

| सि.नं. | गुणहरु | सुपरीवेक्षकको मूल्याकन २५ | | | | पुनरावलोकन कर्त्ताको मूल्याकन १५ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २.५ | २ | १.५ | १ | १.५ | १ | ०.७५ | ०.५० |
| १ | विपय वस्तुको ज्ञान | | | | | | | | |
| २ | अध्यापन क्षमता | | | | | | | | |
| ३ | अध्यापन विधि र सीपको प्रयोग | | | | | | | | |
| ४ | शैक्षिक सामग्री संकलन निर्माण र प्रयोग | | | | | | | | |
| ५ | शिक्षण पेशा प्रतिको निष्ठा र लगनशीलता | | | | | | | | |
| ६ | अतिरिक्त कार्यकलापमा सलग्नता | | | | | | | | |
| ७ | कक्षा व्यवस्थापन र सचालन विधि | | | | | | | | |
| ८ | विद्यार्थी प्रतिको व्यवहार | | | | | | | | |
| ९ | अन्य शिक्षक तथा कर्मचारी प्रतिको व्यवहार | | | | | | | | |
| १० | अनुशासन र उपस्थिति | | | | | | | | |
| | प्राप्ताङ्क जम्मा : अंकमा : | | | | | | | | |
| | अक्षरमा : | | | | | | | | |
| | अंक अक्षरमा कूल जम्मा : | | | | | | | | |

सुपरीवेक्षकको :-
दस्तखत :-
नाम :-
पद :-
मिति :-

पुनरावलोकन कर्त्ताको :-
दस्तखत :-
नाम :-
पद :-
मिति :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४). अनुसूची–६ मा रहेका "चतुर्थ वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(५) अनुसूची - ७ पछि देहायको अनुसूची - ७ (क) थपिएको छ :-

## अनुसूची - ७ (क)

(नियम ६० को उपनियम (२) संग सम्बन्धित)

श्रीमान् जिल्ला शिक्षा अधिकारीज्यू,
जिल्ला शिक्षा कार्यालय
..................

विषय: सरुवा ।

मलाई निम्न लिखित विद्यालयवाट निम्नलिखित विद्यालयमा सरुवा गरिदिनु हुन आवश्यक विवरणका साथ अनुरोध गरेको छु ।

तपसिल

हालको विद्यालयको नाम र ठेगाना: ................................
सरुवा भई जान चाहेको विद्यालयको नाम र ठेगाना: ................................
शिक्षकको नाम थर: ................................
स्थायी ठेगाना: ................................
तह र श्रेणी: ................................
योग्यता एवं तालीम: ................................
स्थायी नियुक्ति मिति: ................................
हालको जिल्लामा काम गरेको अवधि ................................
सरुवा माग गर्नु पर्ने कारण: ................................

हस्ताक्षर:

नाम थर:

मिति:

मुद्रण विभाग, सिंहदरबार

७५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरुवा भई जाने विद्यालयको सहमति

यस विद्यालयका शिक्षक श्री ................................ लाई विद्यालय व्यवस्थापन समितिको मिति ......................... को निर्णय अनुसार यस विद्यालयवाट सरुवा भई जान सहमति प्रदान गरिएको छ ।

................................
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति
........................ विद्यालय

( विद्यालयको छाप )

---

सरुवा भै आउने विद्यालयको सहमति

................................ विद्यालयका शिक्षक श्री ................................ लाई विद्यालय व्यवस्थापन समितिको मिति ......................... को निर्णय अनुसार यस विद्यालयमा सरुवा भई आउन सहमति दिइएको छ ।

................................
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति
..................... विद्यालय .................

( विद्यालयको छाप )

मिति:

---

................................ विद्यालयका शिक्षक श्री ................................ लाई यस जिल्लाको ................................ विद्यालयवाट तीन महिना भित्र जिल्लान्तर सरुवा भई जान सहमति दिइएको छ ।

जि.शि.अ.
जिल्ला शिक्षा कार्यालय ................

कार्यालयको छाप
मिति:

---

निवेदक शिक्षक श्री ................................ लाई .......... जिल्लाको ............ विद्यालयवाट यस जिल्लाको ......................... विद्यालयमा सरुवा गरि दिने निर्णय गरिएको छ ।

जि.शि.अ.
जि.शि.का. ........................

मिति:

८५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(६). अनुसूची १२ को सट्टा देहायको अनुसूची १२ राखिएको छ :–

"अनुसूची -१२

(नियम १३० को उपनियम (३) सँग सम्बन्धित)

श्री ५ को सरकारबाट जिल्ला शिक्षा कोष मार्फत् विद्यालयमा देहाय बमोजिम अनुदान रकम दिइनेछ :–

(क) प्रत्येक स्वीकृत सार्वजनिक विद्यालयको स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकहरुका तलब भत्ताको शत प्रतिशत ।

(ख) सार्वजनिक विद्यालयमा परिचर राख्न स्वीकृत भएको भए त्यस्ता परिचरको लागि तोकिएको वार्षिक अनुदान रकम ।

(ग) प्रत्येक सार्वजनिक विद्यालयका लागि प्रशासकीय र मसलन्द वापत तोकिएको रकम।"

४४. खारेजी: मूल नियमावलीको नियम ४५, १२०, १२१, १३१ र १४१ खारेज गरिएका छन् ।

४५. रुपान्तर: मूल नियमावलीको ठाउँ ठाउँमा प्रयोग भएका "शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "शिक्षा मन्त्रालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

***

आज्ञाले,

**खेमराज रेग्मी**

**श्री ५ को सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।